**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २८ फरवरी २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

1. इजरायल अमेरिका र इरान बीचको लड़ाईबीच भारतले प्रभावित देशहरुका भारतीय नागरिकहरूलाई अत्यधिक सावधानी अपनाउन र सधैं सतर्क रहन बताएको छ।

2. पश्चिम बंगालमा एसआईआर प्रक्रियापछि निर्वाचन आयोगले चरणबद्ध रूपमा प्रकाशित गरिरहेको संशोधित मतदाता सूचीहरूले विधानसभा चुनाउअघि ठूलो परिवर्तन देखाएको छ।

3. भाजपा नेता दिलीप घोषले पश्चिम बंगालमा चुनावको समयमा केन्द्रीय बलबिना राज्यमा निष्पक्ष चुनाव सम्भव नरहेको बताउनु भयो।

4. मिरिकमा तीन दिवसीय पुष्प प्रदर्शनी शुरू भएको छ।

5. दार्जीलिङ प्रेस गिल्डले आज विविध कार्यक्रममाझ आफ्नो 25औं स्थापना दिवस पालन गऱ्यो।

**विदेश मंत्रालय-इस्राइल**

भारतले इजरायलमा रहेका सबै भारतीय नागरिकहरूलाई यस क्षेत्रको सुरक्षा अवस्थालाई ध्यानमा राख्दै अत्यधिक सावधानी अपनाउन र सधैं सतर्क रहन बताएको छ। इजरायलस्थित भारतीय दूतावासले आफ्नो परामर्शमा भारतीय नागरिकहरूलाई इजरायली अधिकारीहरू र गृह मोर्चा कमान द्वारा जारी गरेको सुरक्षा दिशानिर्देशहरूको कडाइका साथ पालना गर्न भनेको छ।

सबै भारतीय नागरिकहरुलाई निर्धारित आश्रय स्थलको नजिक रहन र आफ्नो निवास वा कार्यस्थलको आस-पासको सुरक्षित स्थानहरुबाट परिचित हुन बताईको छ। नागरिकहरूलाई स्थानीय समाचारहरू, आधिकारिक घोषणाहरू र आपतकालीन सतर्कताहरूमा नियमित नजर राख्न भनिएको छ। साउदी अरबमा भारतीय दूतावासले साउदी अरबमा रहेका सबै भारतीय नागरिकहरूलाई सतर्क रहन र यस क्षेत्रमा जारी सुरक्षा दिशानिर्देशहरूको कडाइका साथ पालना गर्न सल्लाह दिएको छ। कुवेतस्थित भारतीय दूतावासले कुवेतमा रहेका सबै भारतीय नागरिकहरूलाई यस क्षेत्रको सुरक्षा अवस्थालाई ध्यानमा राख्दै सतर्क रहन र सावधानी अपनाउन सल्लाह जारी गरेको छ। दूतावासले भारतीय नागरिकहरूलाई कुवेती सरकारको समाचार र आधिकारिक घोषणाहरूमा नजर राख्न भनेको छ। यस्तै अबु धाबीस्थित भारतीय दूतावासले युएईमा रहेका सबै भारतीय नागरिकहरूलाई अनावश्यक यात्राबाट टाढा रहन, उचित सावधानी अपनाउन, सतर्क रहन र युएईका अधिकारीहरू र दूतावासले जारी गरेको सुरक्षा दिशानिर्देश र सल्लाहहरू पालना गर्न सल्लाह दिएको छ। क्षेत्रीय परिस्थितिलाई मध्यनजर गर्दै कतारस्थित भारतीय दूतावासले कतारमा रहेका सबै भारतीय नागरिकलाई सतर्क रहन एडभाइजरी जारी गरेको छ । दूतावासले सबै भारतीय नागरिकहरूलाई दूतावास र स्थानीय अधिकारीहरूले समय समयमा जारी गर्ने सल्लाह र ताजा समाचारहरूमा ध्यान दिन आग्रह गरेको छ।

**(एसआईआर)**

पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण (एसआईआर) प्रक्रियापछि निर्वाचन आयोगले चरणबद्ध रूपमा प्रकाशित गरिरहेको संशोधित मतदाता सूचीहरूले विधानसभा चुनाउअघि ठूलो परिवर्तन देखाएको छ। तथ्याङ्क अनुसार, प्रक्रिया शुरु भएदेखि नदिया जिल्लामा लगभग 2 लाख 71 हजार नामहरू सूचीबाट हटाइएको छ, जबकि बाङ्कुड़ा जिल्लामा लगभग 1 लाख 18 हजार मतदाताको कूल कमी रेकर्ड गरिएको छ। चुनाउ आयोग सूत्रहरू अनुसार, उत्तरी कोलकाता क्षेत्रमा पुनरीक्षण प्रक्रियाको

क्रममा लगभग 4 लाख 07 हजार नामहरू हटाइएको थियो, जसमा हाल सत्तारुढ़ दलको स्वामित्वमा रहेका सात विधानसभा क्षेत्रहरू सामेल छन्। यीमध्ये लगभग 3.90 लाख नामहरू मस्यौदा सूची स्तरमा हटाइएका थिए, जबकि थप 17 हजार नामहरू अन्तिम सूचीमा हटाइएका थिए। यद्यपि, यस क्षेत्रमा थपिएका नयाँ नामहरूको अन्तिम संख्या अझै आधिकारिक रूपमा स्पष्ट गरिएको छैन।

बांकुड़ा जिल्लामा पुनरीक्षण प्रक्रिया शुरु हुँदा कूल मतदाता संख्या 30 लाख 33 हजार 830 थियो। मस्यौदा सूची जारी भएपछि यो संख्या घटेर 29 लाख एक हजार नौ पुगेको छ। बंगलादेशको सिमानामा रहेको नदिया जिल्लामा 04 नोभेम्बरमा प्रक्रिया शुरू हुँदा मतदाताहरूको संख्या 44.18 लाख थियो, जुन अन्तिम सूचीमा लगभग 41.45 लाख झरेको छ। 16 दिसम्बरमा मस्यौदा सूची प्रकाशित भएपछि यो संख्या घटेर 42 लाख दुई हजार 261 पुगेको छ। उत्तर बंगालको अलीपुरद्वार जिल्लामा अन्तिम सूचीमा 11 लाख 96 हजार 651 मतदाताको नाम सामेल छ भने कूल 1 लाख दुई हजार 835 नामहरू मेटिएका छन्। यता पहाड़ी जिलाहरु दार्जिलिंग तथा कालेबुङमा पनि चरणबद्ध रूपमा प्रकाशित गरिरहेको संशोधित मतदाता सूची जारी गरेको छ ।निर्वाचन आयोगको निर्देशनअनुसार आज SIR तालिकाको अन्तिम सूची सार्वजनिक गरिएको कालेबुङका इलेक्सन रेजिस्ट्रेशन अफिसर, एसडीओ सोम्य घोषले कालेबुङ SIR ड्राफ्टबारे थप जानकारी गराउनु भएको छ।

**बाईट**

**एसआईआर राजनीतिक विवाद**

पश्चिम बंगालमा विशेष सघन संशोधन (एसआईआर) प्रक्रियापछि प्रकाशित अन्तिम मतदाता नामावलीलाई लिएर नयाँ राजनीतिक विवाद उत्पन्न भएको छ। सूची जारी हुने बित्तिकै श्यामपुकुरका विधायक तथा राज्यमन्त्री शशि पाञ्जाले नाम हटाइएकोमा गम्भीर प्रश्न उठाउनु भएको छ । उहाका अनुसार थपिएका नयाँ नामहरू स्वागतयोग्य रहेको तर, जसका नाम मेटिएका छन्, उनीहरुको छानबिन हुन जरुरी छ । यदि वैध मतदाताको नाम गलत रूपमा मेटाइएको छ भने, यो स्वीकार गरिने छैन। यदि यसो भयो भने निर्वाचन आयोगप्रति जनताको विश्वास गुम्नेछ ।तृणमूल कांग्रेसका स्रोतका अनुसार प्रारम्भिक अनुमानअनुसार एक करोड़ 20 लाख नाम सूचीबाट हटाइएको छ । उत्तरी कोलकातामा मात्रै चार लाखभन्दा बढीको नाम हटाइएको बताइएको छ । शशी पञ्जाले यसलाई लिएर चिन्ता व्यक्त गर्नुभयो।

**राज्यसभा**

सन् २०२६ को राज्यसभा चुनावलाई लिएर पश्चिम बंगालमा राजनीतिक गतिविधि तीव्र भएको छ । सत्तारूढ तृणमूल कांग्रेसले गए राति राज्यसभाका लागि चार उम्मेदवारको नाम घोषणा गरेको छ । जसमा राज्य सरकारका मन्त्री बाबुल सुप्रियो, पूर्व पुलिस महानिर्देशक, पश्चिम बंगाल राजीव कुमार वरिष्ठ अधिवक्ता मेनका गुरुस्वामी र अभिनेत्री कोएल मल्लिकलाई आगामी राज्यसभा चुनावका लागि उम्मेदवार बनाउने घोषणा गरिएको छ। घोषणा गरिएका नाममध्ये सबैभन्दा बढी चर्चा पूर्व पुलिस महानिर्देशक राजीव कुमारको रहेको छ । उनले लामो समयसम्म पश्चिम बंगाल पुलिसको शीर्ष पद सम्हालेका थिए र त्यसअघि उनले कोलकाता पुलिस कमिश्नरसहित धेरै महत्त्वपूर्ण जिम्मेवारीहरू सम्हालेका थिए। यस्तै सूचीमा समावेश बाबुल सुप्रियोको राजनीतिक यात्रा पनि उल्लेखनीय छ । यसअघि उनी भारतीय जनता पार्टी (भाजपा) बाट लोकसभा सांसद र केन्द्रीय मन्त्री थिए। पछि उनी तृणमूल कांग्रेसमा सामेल भए र हाल राज्य सरकारमा मन्त्री छन्। वरिष्ठ अधिवक्ता मनका गुरुस्वामीको नाम कानुनी क्षेत्रबाट समावेश गरेर टीएमसीले स्पष्ट संकेत दिएको छ। यस्तै चलचित्र क्षेत्रमा लोकप्रिय अभिनेत्री कोयल मल्लिकलाई उतारेर पार्टीले सांस्कृतिक जगतलाई पनि प्रतिनिधित्व दिएको छ ।

यता विपक्षी दल भाजपाले पनि राज्यसभाका उम्मेदवारको मंथन जारी छ । स्रोतका अनुसार पार्टीको राज्य इकाईले सम्भावित नामको सूची केन्द्रीय नेतृत्वलाई पठाएको छ र अन्तिम निर्णय पार्टीको केन्द्रीय संसदीय बोर्डले गर्नेछ । राजनीतिक पर्यवेक्षकहरूको

विश्वास छ कि यसपटकको राज्यसभा चुनाव संसदीय अंकगणितको मात्र विषय नभएर आगामी विधानसभा चुनाव रणनीतिको संकेत पनि हुनेछ । तृणमूल कांग्रेसको यो घोषणासँगै पश्चिम बंगालको राजनीतिमा नयाँ समीकरण र सन्देशमाथिको चर्चा तीव्र भएको छ । प्रशासन, राजनीति, कानुन र कला गरी चार फरक क्षेत्रका अनुहारलाई एकै ठाउँमा ल्याएर पार्टीले व्यापक प्रतिनिधित्वको सन्देश दिने प्रयास गरेको छ ।

**मुख्यमंत्री ममता बनर्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले देश र संस्कृतिका दुई महान व्यक्तित्वप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्नुभयो । उहाले भारतका प्रथम राष्ट्रपति डा. राजेन्द्रप्रसादको पुण्यतिथिको सम्झना गर्नुभयो भने बंगाली रंगमञ्चका महान नाटककार गिरीशचन्द्र घोषलाई ऊहाको जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पन गर्नुभयो । मुख्यमन्त्री आफ्नो सन्देशमा डा. राजेन्द्रप्रसादको सम्झना गर्दै भन्नुभयो, 'उहाँ स्वतन्त्र भारतको राष्ट्रपति हुनुहुन्थ्यो, जसको जीवन सरलता, सत्य र राष्ट्रसेवाको प्रतीक थियो। संविधान निर्माणदेखि लोकतान्त्रिक मूल्यमान्यताको स्थापनासम्म उनको योगदानलाई देशले सधैं सम्झिरहनेछ । अर्को पोस्टमा मुख्यमंत्री बनर्जीले बंगाली रंगमञ्चका दिग्गज गिरिशचन्द्र घोषलाई ऊहाको जन्मजयन्तीमा श्रद्धाञ्जली दिँदै उनी बङ्गाली थिएटरका किंवदंती भएको बताउनु भयो ।

**दिलीप घोष**

पश्चिम बंगालमा चुनावको समयमा केन्द्रीय बलको आवश्यकतामा जोड दिँदै भाजपा नेता दिलीप घोषले केन्द्रीय बलबिना राज्यमा निष्पक्ष चुनाव सम्भव नरहेको बताउनु भयो। आज बिहान कोलकातामा पत्रकारहरूसँग कुरा गर्दै उहाले विगतमा राज्यमा तनाव र हिंसाको वातावरणमा एसआईआर सञ्चालन गरिएको थियो, जसले मतदाताहरूमा डरको वातावरण सिर्जना गरेको बताउनु भयो । उहाले निर्वाचन एक संवेदनशील प्रक्रिया भएको र मतदाताले निडर भएर मतदान गर्ने अवसर पाउनुपर्ने बताउनु भयो । उनका अनुसार चुनावको समयमा जनताले नै केन्द्रीय शक्तिको माग गरिरहेका हुन्छन् । भाजपाको परिवर्तन यात्राबारे उहाले भन्नुभयो , 'राज्य सरकारले अनुमति दिइरहेको छैन, तर हामीसँग अदालतको अनुमति छ र हामी अघि बढ्नेछौं । यसका साथमा उहाले आगामी चुनावमा राज्यका जनताले परिवर्तन चाहेको दाबी गर्नुभयो ।

**मिरिक-पुष्प-प्रदर्शनी**

मिरिकमा तीन दिवसीय पुष्प प्रदर्शनी शुरू भएको छ। मिरिक फ्लोरी कल्चर सोसाइटीको आयोजनामा भौगोलिक दृष्टिकोणले कृषि अनि वागवानीका लागि उपयुक्त मानिने मिरिकमा आजदेखि तीन दिवसीय पुष्प प्रदर्शनी शुरू भएको छ, जसको उद्घाटन क्षेत्रीय सभासद मिलेस राई, मिरिक महकुमाशासक तेन्जी सिमकी ओगेन अनि मिरिक नगरपालिका अध्यक्ष एलबी राईले संयुक्त रूपमा रिबन काटेर गरे।

**बाईट**

***उक्त पुष्प प्रदर्शनी मिरिक झील परिसरमा रहेको एक्युरियम भवनमा आगामी 2 मार्चसम्म चल्नेछ। यस वर्ष अर्किड अनि मौसमी फूलको प्रतियोगिता साथै प्रदर्शनी स्थलमै फूलहरूको खुला बिक्रीसमेत गरिइने सोसाइटीले जनाएको छ। सोसाइटीका पदाधिकारीहरूले जिल्लाभरिका फूल खेती गर्ने किसान तथा व्यवसायीहरूलाई आफ्नो फूल बिक्री गर्न सहज होस् भन्ने उद्देश्यले स्टलहरूको व्यवस्था पनि गरिएको जानकारी गराँउदै मिरिकका फूल उत्पादकहरूलाई प्रोत्साहन दिन उक्त प्रदर्शनीको आयोजना सोसाइटीले प्रत्येक वर्ष गर्ने क्रममा यस वर्ष पनि गरिएको बताएका छन्।***

**दार्जीलिङ प्रेस गिल्ड**

दार्जीलिङ प्रेस गिल्डले आज विविध कार्यक्रममाझ आफ्नो 25औं स्थापना दिवस पालन गऱ्यो। यस अवसरमा गिल्डले आदि पत्रकार पादरी गंगा प्रसाद प्रधानको परिवारलाई दार्जीलिङ प्रेस गिल्ड सम्मानद्वारा विभूषित गऱ्यो। यसरी नै गिल्डले दार्जीलिङको सिंहमारी निवासी जेसिन जोश अनि सिलगढ़ी निवासी फोटो पत्रकार पासाङ्ग योल्मोलाई फ्रेण्ड्स अफ् प्रेसद्वारा सम्मानित तुल्यायो। यस अवसरमा पादरी गंगा प्रसाद प्रधानको सात पुस्ताका परिवारका सदस्यहरू सामेल थिए भने यस परिवारले आज आफूहरूमाथि दार्जीलिङ प्रेस गिल्डले अझै ठूलो दायित्व थपिदिएको बोध गरेको पनि बताए।

***यस परिवारका सदस्यहरूमा संगीतकार जीवन प्रधान साथै अन्य उपस्थित रहेका थिए। फ्रेण्ड्स अफ् प्रेस सम्मानद्वारा सम्मानित हुनेहरू जेसिन जोश र कुन्दन योल्मोले सन् 2017-को आन्दोलनको समय समाचार संकलन गर्न मैदानमा खटिरहेका पत्रकारहरूलाई ठूलो सहयोग गरेर उनीहरूको जीवन जोखिममा पर्नबाट बँचाएका थिए जीटीए सभाका अध्यक्ष अञ्जुल चौहानको मुख्य आतिथ्य अनि उपाध्यक्ष राजेश चौहानको विशिष्ट आतिथ्यमा स्थानीय नेपाली साहित्य सम्मेलन भवनको प्रेक्षागृहमा आयोजित यस समारोहमा प्रेस गिल्डका सम्पूर्ण सदस्यहरूको उपस्थिति रहेको थियो। जसमा प्रेस गिल्डका कोषाध्यक्ष मोहन लामाले दार्जीलिङ प्रेस गिल्डको स्थापनाकालदेखि हालसम्मको इतिहास संक्षिप्तमा बताए भने गिल्डले आफ्नो स्थापनाकालदेखि के-कस्ता संकट, अभाव तथा समस्याहरूको सामना गर्नपरेको थियो, त्यसबारे विस्तृतरूपमा जानकारी गराए। समारोहका मुख्य अतिथि अञ्जुल चौहानले समारोहलाई सम्बोधन गर्दै भने-पत्रकारहरू समाजका मार्गदर्शकहरू रहेको अनि उनीहरूले विगतदेखि हालसम्म नै सत्तामा बस्नेहरूदेखि विपक्षमा रहने सबैलाई सही मार्ग देखाउने कार्य गरिरहेको बताउनु भयो। गिल्डकै अध्यक्ष दीप गजमेरको अध्यक्षतामा आयोजित यस स्थापना दिवस समारोहको अवसरमा गिल्डका सचिव आदित्या रायाले स्वागत सम्बोधन पेश गरेका थिए। यसरी नै समारोहमा इण्डियन गोर्खा जनशक्ति फ्रण्टका नेता एवं जीटीएका सभासद जितेन राई पनि उपस्थित रहेका थिए। यस समारोहलाई अझै रोचक बनाउन त्रिवेणी संगीतालयका बाल कलाकारहरूले नृत्यहरू प्रस्तुत गरेका थिए।***

**एशियन हाईवे**

एशियन हाईवे अन्तर्गत हासीमारामा आज बिहान कारले ठक्कर दिंदा 4जना महिला चिया श्रमिकको मृत्यु भएको छ भने 3 जना गम्भीर घाइते भएका छन्। तीव्र गतिमा आएको कारले सडक किनारमा हिंडिरहेका चिया श्रमिकहरूलाई ठक्कर दिंदा चार जना महिला श्रमिकको घटनास्थलमै मृत्यु भएको हो।

**********